
# NovoPen® 4

# तपाईंको **नोभोपेन® ४ (NovoPen® 4)** लाई झलक्क हेर्दा





### NovoPen® 4




### एकपटक प्रयोग गर्ने सुई





### पेनफिल® कार्त्तोस (Penfill® cartridge)





## प्रयोग गर्नको लागि छरितो **चरण-चरण गरि देखाइएको** मार्गदर्शक

### पेनफिल® कार्त्तोस हाल्नुहोस् र सुई घुसाउनुहोस्


**चरण १** पेनको बिर्को खोल्नुहोस्




**चरण २** कार्त्तोस धारकलाई बटारेर निकाल्नुहोस्




**चरण ३** यदि पिस्टन रड बाहिर निस्कियो भने, यो भित्र नपसुन्जेलसम्म भित्र धकल्नुहोस्



**चरण ४** कार्त्तोस हाल्नुहोस्, पिरोया गरिएको भागलाई अगाडि पट्टि पारेर




**चरण ५** तपाईंले टिक्क गरेको आवाज सुन्नु वा महसुस नगर्नुभएसम्म कार्त्तोस धारकलाई भित्र धकेल्दै बटारिरहनुहोस्



**चरण ६** नयाँ सुईबाट कागजको झिल्ली हटाउनुहोस् र सुईलाई सिधै पेनमा धकल्नुहोस्



**चरण ७** सुईको बाहिरी र भित्री बिर्कोहरू हटाउनुहोस्। सुरक्षित रूपमा सुई फाल्नको लागि बाहिरी बिर्को राख्नुहोस्



***तपाईंको नोभोपेन® ४ को प्रयोग कसरी गर्ने भन्नेबारे पूर्ण व्याख्याको लागि, कृपया तपाईंको पेनको साथमा रहेको प्रयोगको लागि रहेका निर्देशनहरू पढ्नुहोस्। महत्त्वपूर्ण सुरक्षा जानकारीको लागि कृपया पछाडी हेर्नुहोस्।***

novo nordisk®


## पेनफिल® कार्त्रोस हालिसकेपछि सधैँ इन्सुलिनको प्रवाह परीक्षण गर्नुहोस्

**चरण १** पिस्टन रड हेड र पिस्टन बीचको कुनै पनि खाली ठाउँ, र कुनै पनि हावाका फोकाहरू हटाउनुहोस्।

**चरण २** खुराक बटन बाहिर तान्नुहोस् र **२ इकाइहरू** चयन गर्नुहोस्।

**चरण ३** खुराक काउन्टरले **'०'** नदेखाएसम्म खुराक बटन थिच्नुहोस्।

***यदि कुनै इन्सुलिन देखा परेन वा त्यहाँ खाली ठाउँ छ भने, प्रयोगको लागि पेन तयार नभएसम्म चरण १-३ दोहोर्‍याउनुहोस्।***







***यदि तपाईंले इन्सुलिनको प्रवाह जाँच गर्नुभएन भने तपाईंले आफ्नो पूरा इन्सुलिनको खुराक नपाउन सक्नुहुन्छ।***

## तपाईंको इन्सुलिनको सुई लगाउनुहोस्

**चरण १** खुराक काउन्टर **०** मा हुँदा, खुराक बटनलाई तान्नुहोस् र तपाईंले सुई लगाउन चाहनुभएको इकाइको संख्या चयन गर्नको लागि त्यसलाई घुमाउनुहोस्।



**चरण २** सुई लगाउनुहोस् र खुराक काउन्टरले **०** नदेखाएसम्म खुराक बटन थिच्नुहोस्। सुई निकाल्नु अघि बिस्तारै **६** सम्म गन्नुहोस्।





***सुईलाई सुरक्षित रूपमा निकाल्नुहोस् र फाल्नुहोस र पेनको बिर्कोलाई फेरि लगाउनुहोस्।***

## सुई लगाउने ठाउँहरू


मुख्य सुई लगाउने ठाउँहरू तिघ्रा, पेट, चाक वा पाखुराको पछाडि पट्टि हुन्। तपाईंका लागि कुन ठाउँहरू सिफारिस गरिन्छन् भनेर डाक्टर वा नर्सलाई सोध्नुहोस्।

तपाईंको सिफारिस गरिएको सुई लगाउने ठाउँमा चिन्ह लगाउनुहोस्



आराम बढाउनको लागि, तपाईंले प्रत्येक पटक सुई लगाउँदा, सुई लगाउन अर्को ठाउँ छनौट गर्ने सुनिश्चित गर्नुहोस्।

- सुई लगाउने ठाउँहरूलाई आधा वा एक-चौथाइमा विभाजन गर्नुहोस् र प्रत्येक हप्ता फरक-फरक आधा/एक-चौथाईको प्रयोग गर्नुहोस्।
- प्रत्येक आधा वा एक-चौथाईमा, सुई लगाउने ठाउँलाई पछिल्लो पटक सुई लगाएको बिन्दुबाट औँलाको चौडाइ जतिमा घडी घुम्ने दिशातर्फ घुमाउनुहोस्।



## थप जानकारी वा सहायताका लागि

के तपाईंको पेनको प्रयोग कसरी गर्ने भन्नेबारे प्रश्नहरू, वा प्राविधिक समस्याहरू छन्? नोभो नोर्डिस्क चिकित्सकीय जानकारीलाई फोन गर्नुहोस् – **1800 668 626**

NovoPen® 4


नोभो नोर्डिस्क फार्मासुटीकल्स प्रो. लि.। १० सौं तल्ला, ११८ माउन्ट स्ट्रिट, नर्थ सिड्नी, एन.एस.डब्ल्यु. २०६०।
ए.बी.एन. ४० ००२ ८७९ ९९६। नोभो नोर्डिस्क® चिकित्सकीय जानकारी (अष्ट्रेलिया) १८०० ६६८ ६२६। www.novonordisk.com.au.


® नोभो नोर्डिस्कको दर्ता गरिएको ट्रेडमार्क A/S. NONOOY0148. AU24NP400020. अक्टोबर २०२४।



MADE FROM RECYCLED MATERIALS 100% RECYCLABLE NOVONORDISK.COM.AU/IMPACT


novo nordisk®